मितिः २०७६/०६/०८ गते
स्थानः आठविसकोट नगरपालिकाको कार्यालय
समय : ५:०० बजे

आज मिति २०७६/०६/०८ गते यस कार्यालयका नि.प्रमुख प्रशासकीय अधिकृतज्युको अध्यक्षमा बसेको छात्रवृत्ति छनौट समितिको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

राम बहादुर के.सी - अध्यक्ष

थलविर ओली - सदस्य सचिव

आमन्त्रित :-

गणेश चन्द - सुचना प्रविधि अधिकृत

ज्ञानु आचार्य - क.टे/ई

प्रस्तावहरु

१. विशेषज्ञ मनोनयन सम्वन्धमा ।
२. सूची प्रकाशन सम्वन्धमा ।
३. आरक्षण कोटा निर्धारण सम्वन्धमा ।
४. परीक्षाको पाठ्यक्रम निर्धारण सम्वन्धमा ।
५. लिखित परिक्षाको मिति तोक्ने सम्वन्धमा ।
६. परीक्षा शुल्क निर्धारण सम्वन्धमा ।
७. विविध सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १ : आठविसकोट नगरपालिकाको छात्रवृत्ती सम्वन्धी कार्यविधी, २०७४ वमोजिम छात्रवृत्ती छनौट गर्ने कार्यको लागी सूचना प्रविधि अधिकृत श्री गणेश चन्दलाई बिशेषज्ञको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : आठविसकोट नगर कार्यपालिकाको मिति २०७६/०५/०९ गतेको निर्णय र मिति २०७६/०५/२३ गते छात्रवृत्ती सम्वन्धमा प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका उम्मेदवारहरको तपशिल वमोजिमको सूची तयार पारी प्रकाशन गर्ने निर्णय गरियो ।

**छात्रवृत्तिको लागि दरखास्त परेका परिक्षार्थीहरुको विवरण**

| क्र. सं. | निवेदकको नाम | लिङ्ग | ठेगाना | दरखास्त दिएको विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रृष्टि देवकोटा | महिला | आ.न.पा.-३, खदी | आइ.एस्सी.एजी. | |
| २ | लोकेन्द्र चदारा | पुरुप | आ.न.पा.-८, दाजे | सिभिल सव इन्जिनियर | |
| ३ | टेक वहादुर वि.क. | पुरुप | आ.न.पा.-७, दाजे | सिभिल सव इन्जिनियर | |
| ४ | हेमराज परियार | पुरुप | आ.न.पा.-४, गोतामकोट | आइ.टी. | |
| ५ | टोपजंग वटाला | पुरुप | आ.न.पा.-९, राडी | कानुन | |
| ६ | जीवनराज वि.क. | पुरुप | आ.न.पा.-११, चौर | इलेक्ट्रिकल सव इन्जिनियर | |
| ७ | चन्द्र वहादुर परियार | पुरुप | आ.न.पा.-१४, ज्यामिरकोट | आइ.टी. | |
| ८ | भरत कामी | पुरुप | आ.न.पा.-११, गत्तसैना | सिभिल सव इन्जिनियर | |
| ९ | सृजना ओली | महिला | आ.न.पा.-२, स्याला | सिभिल सव इन्जिनियर | आर्केटेक्चर इन्जिनियर |
| १० | सुनिता खत्री | महिला | आ.न.पा.-१०, घारीखोला | एच.ए. | |
| ११ | विजय वि.सी. | पुरुप | आ.न.पा.-७, दाजे | भेटेनरी | |
| १२ | टेकम वि.क. | पुरुप | आ.न.पा.-१०, मठचौर | कानुन | कक्षा १० सम्म निजी विद्यालयमा अध्ययन गरेको |
| १३ | अमृत वुढामगर | पुरुप | आ.न.पा.-१, रोकाजाखेत | सिभिल सव इन्जिनियर | |
| १४ | मानसिङ कुमार सिर्पाली | पुरुप | आ.न.पा.-११, गोइरी | आइ.एस्सी.एजी. | |
| १५ | दर्शन महतरा | पुरुप | आ.न.पा.-८, दाजे | आइ.एस्सी.एजी. | |
| १६ | रमित वि.क. | महिला | आ.न.पा.-११, गोइरी | एच.ए. | |
| १७ | झलक कुसारी | पुरुप | आ.न.पा.-१२, टूलीवार्खु | एच.ए. | |

| क्र. सं. | निवेदकको नाम | लिङ्ग | ठेगाना | दरखास्त दिएको विषय | कैफियत |
|---|---|---|---|---|---|
| १८ | ललित खनाल | पुरुष | आ.न.पा.-१२, ठूलीवार्खु | सिभिल सव इन्जिनियर | |
| १९ | अनुजा कुसारी | महिला | आ.न.पा.-१२, ठूलीवार्खु | स्टाफ नर्स | |
| २० | एलिशा मल्ल | महिला | आ.न.पा.-९, राडी | आइ.टी. | |
| २१ | विजय वि.क. | पुरुष | आ.न.पा.-७, दाजे | इलेक्ट्रिकल सव इन्जिनियर | |
| २२ | मणिकर्ण बुढा | पुरुष | आ.न.पा.-१, रोकाजाखेत | आइ.एस्सी.एजी. | एस.एल.सी.को कागजात पुरा नभएको |
| २३ | प्रकृति पून | महिला | आ.न.पा.-११, सिमवजार | स्टाफ नर्स | कलेजमा भर्ना नभएको |

निर्णय नं. ३ : नगर कार्यपालिकाको मिति २०७६/०५/०९ गतेको निर्णयानुसार विभिन्न विषयमा स्वीकृत छात्रवृत्ति सङ्ख्यालाई छात्रवृत्ती सम्वन्धी कार्यविधी, २०७४ को दफा ११ वमोजिम देहाय अनुसार आरक्षण कोटा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल :-

| क्र.स. | वर्ग/समुदाय/समुह | निर्धारित कोटा | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक वा सामाजिक रुपमा विपन्न | ३ | खस आर्य २ जना, घाईते शहिद परिवार वेपत्ता घरपरिवार मध्येबाट १ जना । |
| २ | महिला | ३ | अन्य महिला २ जना, दलित महिला १ जना। |
| ३ | अपाङ्ग | १ | |
| ४ | जनजाति | १ | |
| ५ | दलित | १ | |
| ६ | पिछडिएको दुर्गम क्षेत्र | १ | वडा नं. १, २ र ३ मा स्थायी बसोवास गर्ने । |

निर्णय नं. ४ : रितपुर्वक दरखास्त परेका उम्मेदवारहरुको खुल्ला प्रतियोगिताद्धारा छात्रवृत्ती छनौट गर्ने प्रयोजनको लागी कक्षा १० को अंग्रेजी, गणित र विज्ञान विषयबाट

१०० पुर्णाङ्कको ५० वटा वस्तुगत बहुबैकल्पिक प्रश्नहरु समावेश हुने गरी पाठ्यक्रम निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : रितपुर्वक दरखास्त परेका उम्मेदवारहरुको खुल्ला प्रतियोगिताद्धारा छात्रवृत्ती छनौट गर्ने प्रयोजनको लागी मिति २०७६/०५/१६ गते विहान ठिक ८:०० बजे नगरपालिकाको सभा हलमा लिखित परीक्षा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मिति २०७६/०५/१६ गते विहान ठिक ८:०० बजे नगरपालिकाको सभा हलमा संचालन हुने लिखित परीक्षामा प्रवेशपत्रको व्यवस्था गर्ने र परीक्षा शुल्क वापत प्रत्येक उम्मेदवारबाट रु १०००।- दस्तुर लिने निर्णय गरियो ।

निर्णय नं. ७ : छात्रवृत्ती छनौट गर्दा छात्रवृत्ती सम्वन्धी कार्यविधी, २०७४ को दफा ९ मा उल्लेखित छात्रवृत्ती छनौट समितिको काम, कर्तव्य र अधिकारलाई अक्षरस पालना गर्ने निर्णय गरियो ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।